राजगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नर्घो, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं.

मितिः २०७९/०४/०२

## आ.व. २०७८/०७९ को सम्पत्ति विवरण पेश गर्ने सम्वन्धी सूचना।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा(१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा(१), निजामति सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामति कर्मचारी, नेपाल राजपत्र, खण्ड ६८, असार २०(अतिरिक्ताङ्क११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोके बमोजिम र यस आ.व. मा सेवा निवृत भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भए पश्चात सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था भए वमोजिम देहायका सेवा/समूहका कर्मचारीहरु/पुर्व जनप्रतिनिधिहरु /नव निर्वाचित जनप्रतिनिधिहरुले देहाय बमोजिम आ.व. २०७८/०७९ को सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र सूचना प्रविधि शाखामा अनिवार्य रुपमा दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | सम्पत्ति विवरण पेश गर्ने सेवा/समुह | सम्पत्ति विवरण पेश गर्ने निकाय | कै. |
|---|---|---|---|
| १. | संघिय निजामति सेवा तथा समायोजन ऐन,२०७५ अनुसार गाउँपालिकामा समायोजन भएका कर्मचारीहरु | राष्ट्रिय किताबखाना (निजामती) | |
| २. | पुर्व जनप्रतिनिधि तथा नवनिर्वाचित जनप्रतिनिधिहरु | राजगढ गाउँपालिका, नर्घो, सप्तरी | |
| ३. | यस गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीहरु/ करार,अस्थायी तथा डोर हाजिरमा कार्यरत कर्मचारीहरु/ स्थायी शिक्षक वाहेकका शिक्षकहरु | राजगढ गाउँपालिका, नर्घो, सप्तरी | |

रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

रमेश प्रसाद यादव
प्रमुख प्रशासकिय अधिकृत